ट्रम्प र कार्नीबीच भेटवार्ता

■ एजेन्सी

वासिंगटन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र क्यानडाका प्रधानमन्त्री मार्क कार्नीबीच भेटवार्ता भएको छ । २८ अप्रिलमा कार्नीले निर्वाचनमा सफलता पाएपछि यी दुई नेताबीच पहिलो भेट भएको हो ।

गत महिना भएको निर्वाचनमा सफलता पाएका कार्नीले आफू ट्रम्पसँग नझुक्ने बताएका थिए । ओभल अफिसमा भएको भेटवार्तामा ट्रम्पले क्यानडा ५१औँ राज्य बनाउन गरेको प्रस्तावमा जवाफ दिँदै कार्नीले आफ्नो देश बिक्रीका लागि नभएको बताएका थिए । वार्ताको सुरुआतमा ट्रम्पले कार्नीलाई एकदमै प्रतिभाशाली भएको तथा कार्नीले पनि ट्रम्पलाई परिवर्तनकारी नेताको रूपमा प्रशंसा गरेका थिए ।

वार्तामा क्यानडा अमेरिकालाई दिन ट्रम्पले गरेको प्रस्ताव कार्नीले अस्वीकार गरेपछि आल्मुनियम र स्टिललगायत क्यानडाका सामान आवश्यक नपर्ने भन्दै कर लगाउने कुरामा आफू अडिग रहने ट्रम्पले बताएका थिए । उनले अमेरिका आफैं पनि सबै निर्माण गर्न सक्षम रहेको बताए ।

ट्रम्पले वार्ताको क्रममा क्यानडाका पूर्वप्रधानमन्त्री जस्टिन ट्रेडेउको समेत आलोचना गरेका थिए । वार्तापछि अमेरिकास्थित क्यानडाको दूतावासमा पत्रकार भेटघाटमा बोल्दै कार्नीले अमेरिकासँगको छलफलमा धेरै जटिलता रहेको बताए ।

क्यानडालाई ५१औँ राज्य बनाउने प्रस्तावको विषयमा कार्नीले पत्रकार सम्मेलनमा भने यो २ सार्वभौम देशको बीचमा भएको वार्तालाई ट्रम्पले बिर्सन नहुने बताए ।

ट्रम्पले क्यानडाको सामानमा २५ प्रतिशत कर लगाएका छन् । केही कर भने वार्ताका लागि भन्दै स्थगित गरेका छन् । खासमा अमेरिकाले लगाएको करमा २ देशको बीचमा ठोस सहमति हुन सकेको छैन ।

अमेरिका र हुथीबीच युद्धविराम

■ एजेन्सी

वासिंगटन । संयुक्त राज्य अमेरिका र यमनका हुथी विद्रोहीबीच युद्धविराम गर्न सहमति भएको यमनी मध्यस्थकर्ताहरूले जानकारी गराएका छन् । यो सम्झौताले रेड सीमा 'आवागमन स्वतन्त्रता' सुनिश्चित गर्नेछ जहाँ इरान समर्थित विद्रोहीहरूले महिनौंदेखि पानीजहाजमा आक्रमण गरिरहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विद्रोहीहरूले जहाजहरूलाई लक्षित गरी आक्रमण गर्न बन्द गर्न सहमत भएपछि संयुक्त राज्य अमेरिकाले हुथी विद्रोहीविरुद्ध आक्रमण अन्त्य गरिने बताएका हुन् । यद्यपि, उनले सहयोगी इजरायलमा हालैका आक्रमणहरूको प्रत्यक्ष उल्लेख गरेको छैन । ओमानका विदेशमन्त्री बद्र अल्बुसैदीले भने, 'हालैको छलफल र सम्पर्कपछि तनाव कम गर्ने उद्देश्यका साथ २ पक्षबीच युद्धविराम सम्झौता भएको छ ।'

उनले भने, 'कुनै पनि पक्षले अर्को पक्षलाई निशाना बनाउने छैनन् । सम्झौताले आवागमनको स्वतन्त्रता र रेड सीमा अन्तर्राष्ट्रिय व्यावसायिक सामान ढुवानीको सहज प्रवाह सुनिश्चित गर्दछ', उनले एक बयानमा थपे ।

ह्वाइट हाउसमा ट्रम्पले ७ हप्ता लामो अमेरिकी बमबारीमा ३०० जनाको मृत्यु भएपछि विद्रोहीले आत्मसमर्पण गरेको बताएका थिए । विद्रोहीका राजनीतिक नेता महदी अल मशातले सम्झौताबारे कुनै टिप्पणी नगरे पनि इजरायलको मुख्य विमानस्थलमा क्षेप्यास्त्र प्रहारको बदलामा इजरायलले गरेको घातक आक्रमणको 'पीडादायी' जवाफ दिने वाचा गरेका थिए ।

हुथीका प्रवक्ता मोहम्मद अब्देलसलामले विद्रोहीको अल-मसिराह टेलिभिजन च्यानलसँग कुरा गर्दै अमेरिकाको कुनै पनि कदमको जवाफ प्राप्त हुने बताए ।

उनले भने, 'यदि अमेरिकी शत्रुले आफ्नो आक्रमण फेरि सुरु गऱ्यो भने हामी आफ्नो आक्रमण फेरि सुरु गर्नेछौं ।' उनले भने, 'यो सम्झौताको वास्तविक प्रत्याभूति यमनमा अमेरिकाले भोगेको अँध्यारो अनुभव हो ।' मशातले इजरायलमाथिको आक्रमण 'जारी रहने' र 'इजरायली शत्रुले सामना गर्न सक्ने भन्दा बाहिर जाने' बताएका छन् । हुथी विद्रोहीहरूले सन् २०२३ को अन्त्यदेखि रेड सी र एडेनको खाडीमा इजरायल र व्यापारिक जहाजहरूमाथि आक्रमण गर्दै आएका छन् । यमनका विद्रोहीहरूले गाजा युद्धमा हालै २ महिनासम्म चलेको युद्धविरामका क्रममा आफ्ना आक्रमणहरू रोकेका थिए ।

तर मार्चमा, उनीहरूले गाजापट्टीमा इजरायलको सहायतालाई लक्षित गरी गरिएको नाकाबन्दीको विरोधमा पानीजहाजमा आक्रमणहरू पुनः सुरु गर्ने चेतावनी दिएका थिए ।

अमेरिकी सेनाको प्रतिक्रियालाई निम्त्याएको थियो र यसका कारण अमेरिकाले विद्रोहीहरूलाई दैनिक हवाई आक्रमण गर्न थाल्यो । मार्चको मध्यदेखि अहिलेसम्म यमनमा १ हजारभन्दा बढी लक्ष्यमा अमेरिकी आक्रमण भएको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले गत हप्ता बताएको थियो ।

भारतद्वारा पाकिस्तानमाथि...

भारतको रक्षा मन्त्रालयका अनुसार बुधबारको आक्रमणमा कम्तीमा ९ स्थानलाई निशाना बनाइएको थियो । त्यही स्थानबाट भारतमा आक्रमणको योजना बनाइएको आरोपसमेत लगाइएको छ । पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले भारतीय कदमलाई युद्धको घोषणा भनेका छन् । 'भारतद्वारा थोपरिएको यस युद्धको कदमको जबाफ दिन पाकिस्तानलाई पूर्ण अधिकार छ, हामी बलियो जबाफ दिनेछौं ।'

५ फाइटर जेट खसालेको पाकिस्तानको दाबी

पाकिस्तान र पाकिस्तान अधीनस्थ कश्मीरमा हवाई आक्रमणको क्रममा भारतीय सेनाका ४ वटा लडाकू विमान खसालिएको बताइएको छ । पाकिस्तानी सेनाले भने ५ वटा भारतीय फाइटर जेट खसालिएको दाबी गरेको छ । भारतीय सेनालाई उद्धृत गर्दै प्रकाशित समाचार अनुसार एउटा फाइटर जेट भारत अधीनस्थ कश्मीरको पुलवामास्थित पाम्पोरमा खसेको छ ।

दोस्रो फाइटर जेट कश्मीरकै अखनूर र तेस्रो रामबनमा खसेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । अर्को फाइटर जेट पन्जाबको बठिन्डामा खसेको छ । यी फाइटर जेट पाकिस्तानले खसाएको या दुर्घटनामा परेको भने खुलेको छैन । भारतीय एयर फोर्सका अधिकारीहरूले भने भारतीय फाइटर जेट खसेको पुष्टि गरिसकेका छैनन् । बरु पाकिस्तानी जेएफ-१७ फाइटर जेट खसेको हुन सक्ने उनीहरूको तर्क छ । पाकिस्तान र उसको अधीनस्थ कश्मीरमा चरमपन्थी शिविरहरूमा भारतको हवाई आक्रमणपछि जम्मु-कश्मीरमा ३ र पन्जाबमा एउटा फाइटर जेट खसेको अन्तर्राष्ट्रिय समाचारमाध्यमले जनाएका छन् ।

यस्तो छ तनाव शृंखला

सन् १९४७ मा भारत र पाकिस्तान विभाजन भएपछि २ देशबीच बारम्बार झडप भएका छन् । प्रायः सबै झडप जम्मु-कश्मीरमा नै केन्द्रित भएर भएका छन् । सन् १९४९ मा पहिलो पटक झडप भएको थियो भने १९६५ मा फेरि भारत अधीनस्थ कश्मीरमा युद्ध भएको थियो । सन् १९७१ मा पूर्वी पाकिस्तानमा भएको विद्रोहका कारण बंगलादेश स्थापना भएको थियो । सन् १९९९ मा कार्गिलमा पाकिस्तानले हमला गरेपछि २ आणविक शक्तिबीच ठुलो युद्ध हुने सम्भावना देखिएको थियो । सन् २०१६ मा बालाकोट नजिक आक्रमण भएको थियो भने सन् २०१९ मा पुलावामामा बम आक्रमण भएको थियो ।

भारत-पाकिस्तान...

कांग्रेस सांसद सञ्जयकुमार गौतमले सरकारको ध्यानाकर्षण गराउँदै समयमै भारत-पाकिस्तान युद्धले नेपाललाई पार्ने प्रभावमा छलफल बढाउन सुझाव दिए । 'भूराजनीतिक संवेदनशीलता र खुला सिमानाका कारण भारत-पाकिस्तानबीचमा युद्ध सुरु भएको छ । यसले हामीलाई पार्ने अल्पकालीन र दीर्घकालीन प्रभावको विषयमा नेपाल सरकार समयमै गम्भीर बनोस्,' उनले भने । त्यस्तै, सांसद सर्वेन्द्रनाथ शुक्लले नेपाल असंलग्न राष्ट्रका रूपमा रहँदै आएको उल्लेख गर्दै आतंकवादको सम्बन्धमा नेपाल आफू प्रष्ट हुन आवश्यक रहेको बताए ।

त्यस्तै, नेपाल असंलग्न परराष्ट्र नीतिमा अडिग रहेकाले आफ्नो 'स्ट्यान्ड' व्यक्त गर्दा परराष्ट्र नीतिलाई नै आधार मान्नुपर्ने बताउँछन्- भारतका लागि पूर्वराजदूत डा. दुर्गेशमान सिंह । तर, आतंकवादको विरुद्धमा सरकारले स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने उनको धारणा छ । 'हामीले १० वर्षसम्म आतंकवादको अनुभव गरेकै हौं । त्यसको पीडा हामीलाई थाहा छ । नेपाल सरकारले पनि आफ्नो धारणा सार्वजनिक गर्दा आतंकवादविरुद्ध बोल्नैपर्छ,' सिंह भन्छन्, 'अहिले देखिएको भारत-पाकिस्तान युद्धको सन्दर्भमा हामीले युद्धलाई बढावा दिनेभन्दा पनि दुवै पक्षलाई संयम रहन आग्रह गर्नुपर्छ ।'

दुवै देशको छिमेकीको नाता र सार्क राष्ट्रका सदस्य देशको नाताले पनि यस विषयमा नेपाल सरकारले आफ्नो धारणा राख्न ढिला गरेको आरोप परराष्ट्र मामलाका जानकार सिम्खडाको छ । 'पक्ष-विपक्षको विषयमा 'स्ट्यान्ड' प्रस्तुत गर्न हामीलाई कुनै आवश्यकता छैन । तर, दुवै देशलाई संयम अपनाऊ त भन्न सकिन्छ नि ! हामीले त्यति जाबो काम गर्न पनि ढिला गर्दै छौं,' सिम्खडाले भने ।

एक पटकका...

तर, वनसहित कब्जा भएको क्षेत्र बाँड्न सरकारले उक्त प्रावधान ल्याएको भन्दै सत्ता साझेदार जसपा नेपालले विरोध गरेको थियो । सरकारले अहिले विधेयकमार्फत् उक्त बुँदामा 'एक पटकका लागि' भन्ने शब्द राखेको छ ।

विधेयकको चौथो बुँदामा भनिएको छ, 'तर, अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गालाई एक पटकका लागि पुनः नक्सांकन गरी वन क्षेत्रबाट छुट्ट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्नेछैन ।' अध्यादेशमा 'एक पटकका लागि' भन्ने शब्द थिएन । तर, भूमिहीन र सुकुमबासीलाई जग्गा बाँड्ने विषयमा अध्यादेशमा रहेका विषय जस्ताको तस्तै विधेयकमार्फत् ल्याइएको छ ।

अध्यादेशमै समावेश गरिएको हदबन्दी छुटको जग्गा बेच्न दिने प्रस्ताव सरकारले ल्याएको विधेयकमा पनि राखिएको छ । तर, यसमा सर्तहरू लागू हुनेछन् । यस्तो प्रावधान ल्याउनुको कारणमा सरकारले घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुनबमोजिम जग्गा खरिद गर्न सक्ने, तर बेचबिखन गर्न सक्ने वा नसक्ने भन्ने सम्बन्धमा द्विविधा हटाउन आवश्यक रहेको भनेर प्रष्टीकरण दिएको छ ।

मानव विकासको गति सुस्त, ३५ वर्षयताकै न्यून प्रगति

■ एजेन्सी

जुरिच । संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (युएनडिपी) ले हालै सार्वजनिक गरेको प्रतिवेदनअनुसार, मानवविकासको प्रगति सन् १९९० यताकै सबैभन्दा सुस्त रहेको देखिएको छ ।

संयुक्त राष्ट्र महासचिवका उपप्रवक्ता फरहान हकज्यूले मंगलबार आयोजित नियमित पत्रकार सम्मेलनमा भने, 'सन् २०२०-२०२१ को गम्भीर संकटपछि विश्वले अपेक्षाअनुसार द्रुत गतिमा सुधार गर्ने विश्वास गरिएको थियो, तर त्यो सम्भव हुन सकेन ।' उनले 'विकल्पको कुरा : कृत्रिम बुद्धिमत्ताको युगमा मानिस र सम्भावना' भन्ने शीर्षकको २०२५ को मानवविकास प्रतिवेदन उद्धृत गरे ।

प्रतिवेदनमा सन् २०२४ को प्रक्षेपण अनुसार विश्वका सबै क्षेत्रहरूमा मानवविकास सूचकांकमा उल्लेखनीय सुधार नदेखिएको उल्लेख गरिएको छ । यदि यही अवस्था दीर्घकालीन रूपमा कायम रह्यो भने, संसार अझ असुरक्षित, विभाजित र आर्थिक तथा वातावरणीय संकटहरूप्रति झनै संवेदनशील बन्ने सम्भावना रहेको चेतावनी दिइएको छ ।

स्वास्थ्य, शिक्षा र आयजस्ता सूचकहरूमार्फत गरिएको विश्लेषणले कम विकास सूचकांक भएका मुलुकहरू र उच्च सूचकांक भएका मुलुकहरूबीचको खाडल लगातार चौथो वर्ष पनि अझ फराकिलो बन्दै गएको देखाएको छ । विशेषतः न्यून सूचकांक भएका देशहरू व्यापारिक तनाव, ऋण संकट र प्रविधिमा आधारित बेरोजगार औद्योगिकीकरणका कारण थप समस्यामा परेका छन् ।

तथापि, प्रतिवेदनमा गरिएको सर्वेक्षणअनुसार, धेरैजसो नागरिकहरू कृत्रिम बुद्धिमत्ताको प्रभावप्रति यथार्थवादी तर आशावादी दृष्टिकोण राख्ने देखिएका छन् ।

सर्वेक्षणमा सहभागी १० मध्ये ६ जनाले प्रविधिले रोजगार क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने र भविष्यमा नयाँ प्रकारका रोजगारी सिर्जना गर्ने विश्वास व्यक्त गरेका छन् ।

पसल कवल खाली गरिदिने बारे

जिल्ला ललितपुर म.न.पा. वडा नं १२, घर नं १३०३ शहिद शुक्रराज सडक (प) बकुम्बहालमा मिति २०८० साल भाद्र ०१ का दिन पसल कवल भाडामा लिनेदिने सम्बन्धि टोखा नगरपालिका वडा नं १० काठमाण्डौ बस्ने नेपाली नागरिकता नं ९७४६ का श्री रोजीना ल्वागुण (भाडा लिने) बीच सम्झौता गरेकोमा विगत करिब १८ महिना देखि उक्त पसल बन्द गरी ताला लगाई पटक पटक सम्पर्क गर्न खोज्दा सम्पर्क हुन नसकेको हुँदा उक्त पसल कवल आजको मितिले ३५ दिनभित्र सम्पर्कमा आई खाली गरिदिनुहुन अनुरोध गर्दछु । अन्यथा निकायको रोहवरमा पसल खाली गराई तपाईसँग लिनुपर्ने पसलभाडा, अन्य खर्च र पसलमा भएको अन्य क्षतिपूर्ति लिन घरभाडा समझौता बमोजिम हुन सकिने भएकोले यो ३५ दिने सूचना जारी गरेको छ ।

सारदा चित्रकार
घरधनी, ललितपुर म.न.पा.१२, ललितपुर

सिलबन्दी दरभाउ बोलपत्र माग सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०१/२४

उपरोक्त सम्बन्धमा जिल्ला कैलाली गौरीगंगा नगरपालिका वडा नं. २. स्थित श्री मोहन्याल सामुदायिक वन उपभोक्ता समुहको कार्य समितिको मिति २०८२/०१/२४ गते बसेको बैठकको निर्णयानुसार घटगहीमा रहेको जम्मा मौज्दात १७०११.४४ क्यु फिट गोलिया काठ भएकोले घाटगहीदेखि ढुवानी गरी चिरान गरी पुनः घाटगही सम्म ढुवानी गरी दर रेट प्रति क्यु फिट रु.१३०/- मा घटिघटाउ सिलबन्दी दरभाउ बोलपत्र मागको लागि मिति २०८२/०१/२४ गते देखि मिति २०८२/०१ /३० गतेको दिउँसो १२:०० बजे भित्र शिलबन्दी दरभाउ बोलपत्र दर्ता गराउनका लागि ७ दिने सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ । विस्तृत जानकारीको लागि सम्बन्धित कार्यालय र मो. सा.व.उ.स. को कार्यालयमा सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

अध्यक्ष
श्री मोहन्याल सामुदायिक वन उपभोक्ता समूह
गौरीगंगा न.पा. २ चौमाला, कैलाली

ग्लोबल आइएमई बैंक लिमिटेडको
एक्सटेन्शन काउन्टर बन्द भएको सम्बन्धी जरुरी सूचना

ग्लोबल आइएमई बैंक लिमिटेडबाट संचालित **काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, बग्गीखानामा** रहेको एक्सटेन्शन काउन्टर बैंकको संचालक समितिको निर्णय अनुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिई बन्द भएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट: ०१-५९७०६००

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना २५ गते बिहीवार)

कमलनाथ योगीको छोरा गीता योगीको श्रीमान लुम्बीनी प्रदेश प्युठान जिल्ला प्युठान न.पा. वडा नं २, बस्ने वर्ष ४३ को देब बहादुर योगीको मिति २०८१/१२/२४ मा मृत्यु भएकोले निजको नाममा यस विकास बैंक लि. को शाखा कार्यालय बिजुवारमा रहेको बचत तथा मुद्दती खातामा भएको निक्षेप रकम भुक्तानी पाउँ भनी प्युठान न.पा. वडा नं २ क्वाडी बस्ने श्रीमती गीता योगीले निवेदन दिनुभएकोले उक्त बचत तथा निक्षेप रकममा निज निवेदक वाहेक अन्य कोही कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विकास बैंकको शाखा कार्यालय बिजुवार मा सबुत प्रमाण सहित दावी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही नहुने र म्याद भुक्तान पश्चात कसैको दावी परेमा निवेदकको दावी बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

Chhayanath Rara Municipality
Office of The Municipal Executive
Gamgadhi, Mugu
Karnali Provinance, Nepal

Invitation for e-Bids

(Date of publication: 2082-01-25)

1. Chhayanath Rara Municipality invites electronic bids form Nepalese bidders for the Supply of following Item in Chhayanath Rara Municipality, Mugu. Under Sealed Quatation Bidding procedure. The name and identification of the contract are as follows.
2. For more information please visit PPMO e-GP System www.bolpatra.gov.np/egp or contact Chayanath Rara Municipality, Office Mugu, Phone: 087-460253, 9841319570 & 9842574867.

S. N.	Description of work	Contract Identification No	Estimated Cost (With VAT)	Cost Of Bidding Document -(NRS).	Bid Security Amount Nrs.	Validity for bid Security	Last date of Submission of Bids.	Bid Opening date
1	Procurement, Supply and Delivery of Medicine and Medical Instrument.	CRM/SQ/G-11/2081-082	15,99,999.95	1,000.00	40,000.00	2082/04/11	2082/02/08 12:00 PM	2082/02/09 1:00 PM

Chief Administrative Officer